(१)

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**
**कुश्मा, पर्वत**
**गण्डकी प्रदेश, नेपाल**

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति २०७५/११/२१**

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, पर्वतबाट आ.व.२०७५/०७६ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालीमहरु लिन इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्रमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। तालीमहरु नि:शुल्क सञ्चालन हुनेछन।

### १.सञ्चालन हुने तालीमहरु :-

| सि.नं. | तालीमको विषय | तालीमको अवधि | न्यूनतम शैक्षिक योग्यता (प्रशिक्षार्थीको) | तालीम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|
| १ | कम्प्यूटर (आधारभूत) | ३ महिने | एस.एल.सी.उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, कुश्मा, पर्वत। |
| २ | केश श्रृंगार | ३ महिने | कक्षा ८ उत्तीर्ण | |
| ३ | कटाई-सिलाई | ३ महिने | कक्षा ८ उत्तीर्ण | |

**तालीम लिन इच्छुक प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्तहरु :-**

(१) प्रशिक्षार्थीले आवेदन फाराममा रु.१० को टिकट टाँसी नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट.साइजको १ प्रति फोटो राखी २०७५/११/३० गते (सो दिन विदा परेमा भोलिपल्ट) सम्म कार्यालय समय भित्र यस केन्द्रमा आवेदन पेशगर्नुपर्नेछ।

(२) उम्मेदवार छनौट गर्दा महिला, दलित, अपाङ्ग, शहीद परिवार, विपन्न, एकल महिला र भूकम्प पीडित व्यक्ति तथा परिवारलाई प्राथमिकता दिइनेछ।

(३) तालीम लिन इच्छुक उम्मेदवारको उमेर १८-४० वर्षको हुनुपर्नेछ। प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ। एक समूहमा औषत २० -२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ।

(४) अन्तर्वार्ता :- सम्पर्क मितिमा तोकिने छ।

(५) सम्पर्क मिति :- २०७५/१२/०१ गते।

(६) अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

.........................................
(नेत्रप्रसाद पौडेल)
केन्द्र प्रमुख

नेत्रप्रसाद पौडेल
केन्द्र प्रमुख

(४)

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालीम केन्द्र**
**कुश्मा, पर्वत**
**गण्डकी प्रदेश, नेपाल**

## सूचना ! सूचना !! सूचना !!!

***प्रथम पटक प्रकाशित मिति २०७५/११/२१***

व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, पर्वतबाट आ.व.२०७५/०७६ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालीमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय तह, गैरनाफामूलक गैरसरकारी, संघ/संस्था सामुदायिक वा सामाजिक संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्रमा रीतपूर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। तालीम सञ्चालन गरेबापत तालिम सामग्री, उपकरण र प्रशिक्षक बाहेक अन्य थप सुविधा दिइने छैन।

**१.स्थानीय तह, गैरनाफामूलक गैरसरकारी /सामुदायिक/ सामाजिक संघ/संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालीमहरु :**

| सि.नं | तालीमको विषय | तालीमको अवधि | न्यूनतम | | प्रस्ताव फाराम पाइने स्थान |
|---|---|---|---|---|---|
| | | | सहभागी संख्या | शैक्षिक योग्यता | |
| १ | ईलेक्ट्रोनिक्स (मोबाइल फोन मर्मत) समेत | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, कुश्मा, पर्वत। |
| २ | विद्युत जडान | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |
| ३ | प्लम्बिङ्ग | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |
| ४ | मोटर साईकल मर्मत | ३ महिने | २० | कक्षा ८ उत्तीर्ण | |

***तालीम सञ्चालन गर्न इच्छुक निकाय वा संघ/संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु :-***

(क) संस्था दर्ताको प्रतिलिपि, संस्था नवीकरणको प्रतिलिपि, लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, समाज कल्याण परिषद्मा आवद्धताको प्रमाणपत्र, पान नं./मु.अ.कर दर्ता स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००।- (अक्षरुपी रुपैया दुई सय) तिरी यस केन्द्रबाट प्राप्त गर्न सकिनेछ।

(ख) तालीम सञ्चालन गर्न योग्य भई छनौट भएका संघसंस्थाहरुले यस केन्दबाट तालीम समापन भएपछि फिर्ता हुने गरी तालीम सामग्री, तालीम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक प्राप्त गर्नेछन। तालीम सञ्चालनका लागि थप व्यवस्थापन एवम् तालीम कक्ष लगायतका सुविधा संघ/संस्थाहरुले नै निःशुल्क उपलब्ध गराउनुपर्नेछ। प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन।

(ग) तालीम सञ्चालन गर्नका लागि स्वीकृति दिने /नदिने अन्तिम निर्णय केन्द्रमा सुरक्षित रहनेछ। अन्य प्रासाङ्गिक विषयहरु व्यावसायिक तथा सीप विकास तालीम केन्द्रमा (कार्यालय समयमा) सम्पर्क गरी बुझ्न सकिनेछ।

.............................
**(नेत्रप्रसाद पौडेल)**
**केन्द्र प्रमुख**
**नेत्रप्रसाद पौडेल**